# नयाँ नोट सटही सम्बन्धी सूचना

बडा दशैं, २०७५ को अवसरमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागद्वारा संवैधानिक निकाय, नेपाल सरकारका कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, संस्थान, बैंक तथा वित्तीय संस्था, सर्वसाधारण नागरिक तथा अन्य संस्थाहरुलाई विभिन्न दरका नयाँ तथा सफा/सुकिला नोट सटही सुविधाको लागि निम्नानुसारको व्यवस्था मिलाइएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभाग, उपत्यका बाहिरका विराटनगर, जनकपुर, बीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी कार्यालयहरु, यस बैंकको नोटकोष रहेका वाणिज्य बैंकका शाखाहरु, नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक र कृषि विकास बैंकमार्फत देहाय बमोजिमका शाखाहरुबाट **२०७५ असोज २१ गते देखि असोज २९ गतेसम्म रु. ५, १०, २०, ५० दरका दुई/दुई पाकेट र १०० दरको एक पाकेट गरी प्रति व्यक्ति अधिकतम रु. २७,०००|- का दरले सटही सुविधा उपलब्ध गराइने भएको हुँदा आफूलाई पायक पर्ने नजिकको बैंकबाट सटही गर्नुहुन अनुरोध गरिन्छ** ।

(क) **नेपाल बैंक लिमिटेड, शाखा कार्यालयहरु:**

न्यूरोड, कीर्तिपुर, महाराजगंज, जोरपाटी, पाटन औद्योगिक क्षेत्र, लाजिम्पाट र भक्तपुर शाखा

(ख) **राष्ट्रिय बाणिज्य बैंकका कार्यालयहरु:**

सिंहदरबारप्लाजा, टेकु, नयाँ बानेश्वर, सानो थिमी, विशालबजार, नक्साल, कलंकी र बालाजु शाखा

(ग) **कृषि विकास बैंक, शाखा कार्यालयहरु:**

गौशाला, कोटेश्वर, रामशाहपथ, रत्नपार्क, स्वयम्भु र मंगलबजार शाखा

नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
थापाथली, काठमाडौं

**२०७५ भाद्र १ गतेदेखि लागू भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २६३ मा बैंक नोट वा सिक्का जलाउन, गाल्न, च्यात्न वा बैंक नोटमा लेख्न नहुने व्यवस्था अन्तर्गत उपदफा (१) मा अधिकार प्राप्त अधिकारीको आदेश बिना कसैले मुद्राको रुपमा ग्राह्य भएको बैंक नोट वा सिक्कालाई जलाउन वा त्यसलाई काम नलाग्ने गरी गाल्न वा च्यात्न हुँदैन भन्ने व्यवस्था रहेको । सोही दफाको उपदफा (२) मा कसैले बैंक नोटमा लेख्न वा कोर्न हुँदैन र उपदफा (३) मा उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयासम्म जरिबाना हुनेछ भन्ने व्यवस्था भएको हुँदा उपरोक्त कानुनी व्यवस्थाहरुका सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।**

**"नोट राष्ट्रको सम्पत्ति हो, यसको हिफाजत गरौं ।"**

३५७/२०७५/१